लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
उद्योग,बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

लिवाङ, रोल्पा

प.सं.:२०८२/०८३

प्रथम पटक प्रकाशित मितिः २०८२/०७/१३

विषयः उत्कृष्ठ उद्यमी सम्मान सम्बन्धी सूचना।

प्रस्तुत बिषयमा यस कार्यालयको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत रोल्पा जिल्ला भित्र उद्योग दर्ता गरि संचालन गरिरहेका उद्यमीहरु मध्येबाट २ जना उद्यमीलाई "उत्कृष्ठ उद्यमी सम्मान कार्यविधी, २०८१" बमोजिम सम्मान गर्ने कार्यक्रम रहेको हुँदा तपसिल बमोजिम योग्यता पुगेका उत्कृष्ठ उद्यमी सम्मान प्राप्त गर्न ईच्छुक उद्यमीहरुले "उत्कृष्ठ उद्यमी सम्मान कार्यविधी, २०८१" को अनुसूचि २ बमोजिमको ढाँचा अनुसार विवरण र आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र निवेदन पेश गर्नुहुन अनुरोध छ ।

तपसिल

(क) प्रदेशमा स्थायी बसोबास भई प्रदेशको सम्बन्धित जिल्लामा उद्यम गरिरहेको नेपाली नागरिक,
(ख) उद्यमी स्वयम् आफै सञ्चालक भई व्यवसाय दर्ता र सञ्चालन गरेको,
(ग) विगत दुई वर्षदेखि निरन्तर रुपमा उद्यम गरिरहेको,
(घ) नियमित रुपमा सरकारलाई तिर्नुपर्ने कर बुझाएको र आफ्नो व्यवसायको लेखापरीक्षण गरेको,
(ङ) पछिल्लो तीन वर्षमा कुनैपनि सरकारी निकायबाट पुरस्कार तथा सम्मान प्राप्त नगरेको ।

आवश्यक कागजातहरु

(क) अनुसूची-१० बमोजिमको आवेदन,
(ख) नागरिकता प्रमाणपत्रको छायाँकपी,
(ग) उद्योग दर्ता/नवीकरण प्रमाणपत्रको छायाँकपी,
(घ) पछिल्लो वर्षको कर चुक्ता प्रमाणपत्रको छायाँकपी,
(ङ) PAN/VAT दर्ता प्रमाणपत्रको छायाँकपी,
(च) लक्षित वर्ग समूह खुल्ने निस्सा,
(छ) पछिल्लो तीन वर्षमा कुनैपनि सरकारी निकायबाट पुरस्कार तथा सम्मान प्राप्त नगरेको स्वघोषणापत्र ।

थप जानकारिको लागि

सम्पर्कः ०८६-४४००८६
**website:** csirolpa.lumbini.gov.np

२०८२/०७/१३
वरिष्ठ उद्योग अधिकृत

वरिष्ठ उद्योग अधिकृत

अनुसूची -१०

(दफा ३३ को उपदफा (२) (क) सँग सम्बन्धित)

पेश गर्नुपर्ने विवरणको ढाँचा

१. उद्यमीको नाम: ..................................................

२. व्यवसाय/उद्यमशीलताको नाम: ..................................................

३. कार्य प्रकृति: ..................................................

४. ठेगाना: रोल्पा जिल्ला .................. पालिका .......... वडा .................. टोल

५. कार्यरत/व्यवसाय स्थापना मिति: ......................: ......................:

६. सम्पर्क नम्बर: ..........................

७. विगत दुई बर्षदेखि हालसम्म रोजगारी दिईएको श्रमिकको संख्या र नामावली (श्रमिकको हाजिरी, नियुक्ति पत्र वा अन्य कुनै निस्सा भए पेश गर्ने): ..................................................

..................................................

८. उद्यमशिलतामा स्थानीय र वाह्य स्रोतसाधन प्रयोगको अवस्था (स्थानीय र वाह्य स्रोतको विवरण बुँदागत रुपमा खुलाउने): ..................................................

..................................................

९. श्रमिकको सामाजिक सुरक्षा, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य, कार्यस्थल सुरक्षा तथा कार्यवातावरणका बारेमा खुलाउने।

..................................................

..................................................

१०. लक्षित वर्ग समूह (भए खुलाउने): ..................................................

११. उत्पादित वस्तु, सामाग्री तथा निर्माण गरिएका बस्तुहरुको भण्डारण, प्याकेजिङ र लेवलिङ सम्बन्धी विवरण:

..................................................

..................................................

१२. समग्र उद्यम व्यवस्थापनको गुणस्तरीयता, दक्षता र प्रभावकारिता:

..................................................

१३. श्रम/व्यवसायले पारेको सामाजिक/आर्थिक प्रभाव:

(क) ..................................................

(ख) ..................................................

१४. अन्य कुरा केही भए खुलाउने ।

..................................................